**स्वदेशी जनावरहरुको पुनर्स्थापना**

स्वदेशी जनावरहरुलाई बेलायतमा पुनर्स्थापना गर्ने कार्यमा धेरै संरक्षणवादी समूहहरु सामेल छन् । यीमध्ये धेरैजसो जनावरहरु मानवको कारणले लोप भएका हुन् । फाउण्डेशन फर इन्डेन्जर्ड स्पेसिजले स्वदेशी प्रजातिहरुलाई बेलायतको ग्रामीण भागमा पुनर्स्थापना गर्ने कार्यको स्वागत र समर्थन गर्छ ।

पंछीहरुको पुनर्स्थापना गर्ने कार्यक्रमअन्तर्गत् ग्रेट बस्टर्ड, रातो काइट, सेतो पुच्छर भएको वा समुद्री चील र बकुल्ला पर्दछन् । त्यस्तै, स्तनधारीहरुमा जँगली बँदेल र बिभर पर्दछन् । यस संस्थाले जैविक विविधताका ठूला सदस्यहरुका साथै उभयचर भ्यागुत्तालाई पनि समर्थन गर्छ ।

FES ले बेलायतको स्वदेशी वन्यजीवनको पुनर्स्थापनालाई समर्थन गर्ने जिम्मेवारी लिएको छ । यो जिम्मेवारी सन् १९९२ मा सम्पन्न रियो पृथ्वी शिखर सम्मेलनको घोषणामा बेलायत सरकारले हस्ताक्षर गरेपछि शुरु भएको हो । तर बेलायतका सारा स्वदेशी जनावरहरुलाई पुनः जँगली परिवेशमा भित्र्याउन बेलायती नागरिकहरुको प्रकृतिसँग भाग्नेभन्दा रमाउने इच्छा हुन जरुरी छ । त्यसैले FES ले यस्ता कार्यक्रमहरुबारे चेतना फैलाउन र यसलाई सार्वजनिक महत्वको विषयमा समावेश गर्न सहयोग गर्छ । हाम्रो मानसिक सोचको परिवर्तनले मात्र पूर्ण प्राकृतिक सम्पदा हासिल गर्न सकिन्छ ।

**ग्रेट बस्टर्ड**

ग्रेट बस्टर्ड परियोजना कठिन शुरुवात थियो तर स्थापित प्रजनन जोडीको निगरानी गरेपछि यसमा सफलता मिलेको छ । सायद आउँदा दिनहरुमा यी पंक्षीहरुको संख्या अझै बढ्नेछ । जबसम्म यस प्रजातिको दीर्घकालिन अस्तित्व सुरक्षित हुन आवश्यक न्यूनतम संख्या स्थापित हुँदैन, तबसम्म FES ले यसको प्रगतिमाथि निगरानी जारी राख्नेछ । FES ले बेलायतका विभिन्न भागहरुमा ग्रेट बस्टर्ड क्षेत्रको विकास गर्ने कार्यमा पनि सहयोग गर्छ ।

**रातो काइट**

रातो काइटको पुनर्स्थापना परियोजना देशका विभिन्न भागहरुमा सफल भएको छ । FES ले इङ्ल्याण्ड, स्कटल्याण्ड र वेल्समा यस पंछीमाथि निगरानी राखेको छ । खासगरी, FES ले चिल्टर्नसको संख्यालाई निगरानी गरेको छ । हामीले आकाशमा

एकैपल्ट ३०-३५ वटा चराहरु देखेका थियौं र यो संख्या बर्षैपिच्छे बढिरहेको छ । अक्सफोर्डदेखि उत्तरपश्चिम लण्डनको क्षेत्रमा यी पंछीहरु फैलिएका छन् । एण्डि मिडल्टनले रातो काइटका धेरै तस्वीरहरु खिचेका छन् । FES का स्वयंसेवकहरुले एस्टन रोवान्ट प्राकृतिक आरक्षण नजिक रहेको चराको गुँड खिच्ने क्यामेराको पनि निगरानी गरेका छन् ।

पुनर्स्थापना कार्यक्रम सफल रहे पनि बेलायतमा रहेका केही काइटलाई अवैध रुपमा विष ख्वाउने र मारिने गरिएको छ । रक्षकहरु नै यस कार्यमा संलग्न छन् । सबै शिकारी पंक्षीलाई कष्ट दिन यी व्यक्तिहरुलाई पैसा तिरिन्छ । शिकारी पंक्षीहरु स-साना चराहरुलाई खाने र धनी मानिसहरुको शुटिङ् गतिविधिमा प्रयोग हुने भएकोले दुःख पाएका हुन् । Partnership for Action Against Wildlife Crime (PAW) को सदस्य भएकोले FES ले यस्ता उत्पीडन र अन्य अवैध गतिविधिहरुको विरोध गर्छ ।

## सेतो पुच्छर भएको वा समुद्री चील

सेतोपुच्छ्रे वा समुद्री चीललाई ३० वर्षभन्दा पहिले स्कट्ल्याण्डमा पुनर्स्थापना गरिएको थियो । तर त्यो कार्यक्रम त्यति सफल हुन सकेन । त्यसैले FES ले स्कटल्याण्डको पूर्वी तटमा भर्खर शुरु गरिएका चीलको पुनर्स्थापना र पुनर्विकासलाई समर्थन गरेको छ । त्यस्तै, FES ले ईस्ट एङ्ग्लियामा अंग्रेजी उपनिवेश पुनःस्थापना हुनुपर्छ भनेर अभियान चलाएको छ । FES ले यस्ता समानान्तर कार्यक्रमहरुको अध्ययन गर्दा अन्य ठाउँहरुमा पनि सफल रहेको पाएको हुनाले यसलाई व्यावहारिक मान्न सकिन्छ ।

## ठूलो बकुल्ला

ठूलो बकुल्लाको पुनर्स्थापना ब्रिटिश पंक्षीविज्ञानको एक उपलब्धि हो किनकि प्रजनन् पंक्षीको रुपमा तीन शताब्दीदेखि यो लोप भइसकेको थियो । जर्मनीका पंक्षीहरुको प्रयोग गरेर बेलायतले यसको राम्रो उत्पादन गरिरहेको छ । चार शताब्दीमा पहिलोपल्ट यो तीनफुटे उच्च सिमसार चरालाई सोमरसेट्मा स्थापित गरिएको छ । इस्ट एङ्गलियामा सिमसारको सम्भावित् वृद्धिसँगै, इङ्ल्याण्डमा यस कार्यमा दीर्घकालिन सफलता पाइने कुरामा FES आशावादी छ ।

## जँगली बँदेल

पंक्षीहरुभन्दा फरक ढंगले जँगली बँदेलहरुले सुँगुरको बस्तीबाट भागेर आफूलाई पुनर्स्थापना गरेका छन् । हाल इङ्ल्याण्डमा यसका स-साना बस्तीहरु थुप्रै छन् । मानिसहरुले यसको शिकार गरेकोले करिब तीन सय वर्षदेखि बेलायतमा बँदेल लोप

भइसकेको थियो ।

बँदेललाई बेलायतको ग्रामीण भागमा जँगली जनावरको रुपमा स्वीकार गरिनुपर्छ भनेर हामीले निरन्तर यसको अधिकारको लागि आवाज उठाइरहेको अवस्थामा यसको प्रगतिलाई FES को आंशिक सफलता मान्न सकिन्छ । सन् २००८ मा बेलायती सरकारले बँदेललाई सुहाउँदो समयमा कानूनी रुपमा शिकार गर्न सकिने निर्णय गर्यो । सीमित शिकारको यस अनुमतिले जँगली बँदेललाई सरकारले स्वीकार गरेको र विनाश गर्नु हुँदैन भन्ने कुरातर्फ संकेत गर्यो ।

यही समयमा एण्डि मिडेल्टनले बँदेललाई पूर्ण संरक्षण दिनुपर्छ र यसको शिकार गरिनुहुन्न भनेर प्रस्ताव गरे तर यसको सुनुवाइ भएन । तथापि, जबसम्म बँदेलको स-साना बस्तीमा यसको न्यूनतम संख्या तयार हुँदैन, तबसम्म यसलाई धेरै सुरक्षाको खाँचो छ भन्ने कुरामा FES ले विश्वास गरेको थियो ।

तर सन् २०१० मा बेलायती सरकारले बँदेल स्वदेशी प्रजाति नभएको घोषणा गर्यो । यो अविश्वसनीय निर्णयले विनाशतिर संकेत दिन्छ । यदि यो सरकारको निजी मुद्दा हो भने, सुगालाई झैं यसलाई पनि अनुमति दिन खोजेको देखिन्छ । तैपनि, FES अझै आफ्नो सोचाइमा अटल छ र बँदेलको न्यूनतम संख्या नपुगेसम्म यसको सुरक्षाको जिम्मा लिन माग गर्छ । FES का अनुसार बँदेलले प्राकृतिक वन उत्थानको लागि जमिन तयार गरी ग्रामीण भेगलाई सहयोग गर्छ ।

**बिभर**

तीन सय वर्षको अन्तरालपछि बिभरलाई भर्खर मात्र बेलायतमा पुनर्स्थापना गरिएको हो । एण्डि मिडल्टनले केही वर्ष पहिले स्कटल्याण्डका सांसद लुइ म्याक्डोनाल्डलाई न्यापडेलको बिभर पुनर्स्थापना परियोजनामा सहयोग गर्न पत्र लेखेका थिए । तर व्यक्तिगत स्वार्थको कारणले त्यसलाई अस्वीकार गरियो । स्कटल्याण्डमा नयाँ संसद आएपछि फेरि त्यो परियोजनाको प्रस्ताव गरियो । एण्डि मिडेलटनले ग्रामीण तथा वातावरण सचिव रिचार्ड लोसार्टलाई पत्र लेखे । त्यसपछि पञ्चवर्षीय योजनालाई स्वीकार गरियो । त्यही बेलादेखि बिभरलाई नर्वेबाट ल्याइएको छ । यूरोपभरि सफल रहेको पुनर्स्थापना कार्यक्रमलाई देखेर FES ले इङ्ल्याण्डमा बिभरको पुनर्स्थापनालाई समर्थन गरेको छ ।

**Pool frog**

अन्य ठूला जनावरहरुझैं pool frog लाई पनि बेलायतको ग्रामीण इलाकामा पुनर्स्थापना गरिएको छ । नब्बेको दशकमा स्विडेनबाट यसलाई ईस्ट एङ्लियामा ल्याइएको थियो

। यस योजनाको भयको रुपमा घातक chytridiomycosis रोग देखिएको छ । यस रोग र जलवायु परिवर्तनले गर्दा धेरै उभयचर प्रजाति लोप भइसकेका छन् । यो रोगले बेलायतमा धेरैको ज्यान लिइसकेको भएपनि pool frog वा अरु यस्तै अरु जीवलाई यसले असर पारेको छैन ।